**नेपाली** / ***NEPALI***

**विषय:** जुलाई १३ तारिखको क्याम्पस भवनहरूलाई शीतल बनाउने समस्याहरूका बारेमा अपडेट

आदरणीय क्याम्पस समुदाय,

*UW–Madison* क्याम्पसको सामान्य शीतलता पुनर्स्थापित गर्न चलिरहेको कामको बारेमा अपडेट प्रदान गर्ने जानकारीको साथ म आज इमेल पठाउँदैछु। क्याम्पस खुला र सञ्चालनमा छ किनकि टोलीहरूले फुटेको चिसो पानी लग्ने पाइपलाई बनाउँदै र शीतलताका आवश्यकताहरू व्यवस्थापन गर्दैछन्। यस हप्ता यहाँ उच्च तापक्रम फर्किने हुँदा यस हप्ता अझ चुनौतीपूर्ण हुने अनुमान गरिएको छ।

चुनौतीको बारेमा तपाईंलाई थाहा दिँदा, फुटेको पाइपको चौडाइ लगभग ४ फिटको छ र जमिनको २० फिट मुनि अरू गाडिएका तारहरूले घेरिएको छ। मर्मत शुरू हुनु अघि छेउका पूर्वाधारहरूलाई स्थिर बनाइँदै छ र फुटेको ठाउँलाई पुरै खनेर पुग्नको लागि सबै अवस्थाको मूल्याङ्कन गर्नको लागि वरिपरिको माटो बग्नबाट रोक्ने कुराहरू राखिँदैछ। यदि तपाईं फुटेको पाइपको क्षेत्र वरिपरि हुनुहुन्छ भने तपाईंले यो काम भइरहेको देख्नुभएको हुन सक्छ।

तपाईंले क्याम्पसका केही ठाउँहरूमा पार्किङ्ग गरिएका साना ट्रेलर जस्ता देखिने कुराहरू पनि देख्नुभएको हुन सक्छ। परिसर योजना तथा व्यवस्थापनले क्याम्पस वरिपरि अस्थायी शीतल बनाउने मेशिनहरू राखेको छ र प्राथमिकता क्षेत्रहरूका लागि सावधानीपूर्वक शीतलता व्यवस्थापन गर्न जारी राखेको छ। यी मेशिनहरू हाम्रो छोटो अवधिको रणनीतिको एउटा महत्त्वपूर्ण हिस्सा हुन् र मर्मत पूरा हुने बित्तिकै अवश्य हटाइनेछ।

आगामी हप्ताको लागि सबैभन्दा नयाँ जानकारी र उत्तरहरू भेट्नका लागि **क्याम्पस भवनहरूलाई शीतल बनाउने समस्याहरूका वेबसाईट** सबैभन्दा राम्रो ठाउँ हुनेछ।

- **बिरामी स्याहार तथा अत्यावश्यक अनुसन्धानका ठाउँहरू जस्ता प्राथमिकता क्षेत्रहरूलाई शीतल राखिँदैछ।** अरू कैयौं परिसरहरू पनि शीतल राखिँदैछ तर बदलिँदो मौसम अवस्था र शीतल बनाउने भारले गर्दा ठाउँ, दिन र समय अनुसार भवनहरू भित्रका तापक्रम र ओसको मात्रा तलमाथि हुन सक्दछन्।
- यी कुराहरू ध्यानमा राख्दै, **अस्थायी रूपमा बन्द गरिएका भवनहरूलाई मर्मत सम्भार पूरा नभएसम्म बन्द रहने अपेक्षा राखिएको छ।** थप जानकारी चाँडै पाउने आशा गर्दै, यस समयमा हामीले मर्मत सम्भारलाई अझै केही हप्ता लाग्ने अनुमान गरेका छौं।
- बन्द गरिएका वा आंशिक रूपमा बन्द गरिएका भवनहरू भित्रको तापक्रम र ओस निगरानीमा राखिएको छ। **यदि तपाईंले बन्द गरिएका भवन वा क्षेत्रमा मर्मत गर्नुपर्ने वा कस्टोडियलको आवश्यकता पत्ता लगाउनुभयो भने, कृपया आफ्नो भवनका म्यानेजरसँग मिलेर काम गर्नुहोला। आपत्कालीन अवस्थामा कृपया *FP&M Physical Plant* ग्राहक सेवालाई 608-263-3333 मार्फत सम्पर्क गर्नुहोला।**

अपडेटहरू हामी क्याम्पस भवनहरूलाई शीतल बनाउने समस्याहरूका वेबसाईट मार्फत प्रदान गर्न हामी जारी राख्नेछौं। यदि तपाईंसँग सम्बोधन नभएका प्रश्नहरू छन् वा विशेष अवस्थाका लागि सहायताको आवश्यकता छ भने, कृपया ChilledWaterConcerns@wisc.edu मा ईमेल पठाउनुहोला।

यस चुनौतीलाई सँगै सामना गर्ने क्रममा तपाईंको समझदारी र लचिलोपनको लागि धन्यवाद। यस समस्या समाधान नभएसम्म मैले हरेक हप्ता क्याम्पसलाई आवश्यक भए अनुसार महत्त्वपूर्ण अपडेटहरूका साथ सन्देश पठाउने योजना बनाएको छु।

Robert Cramer
अर्थ तथा प्रशासनका उपकुलपति